# नगर सन्देश

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

क्वँगु किपू स्वच्छ किपू

वर्ष १ ● अङ्क ३४ ● ने.सं. ११४० दिल्लागा १ (पारू) ● वि.सं. २०७७ असार २२ गते, सोमबार ● 2020 July 6, Monday ● पृष्ठ ८

अनलाइन संस्करण


# बागमती प्रदेशका मन्त्री दुलालद्वारा कीर्तिपुर भ्रमण





बागमती प्रदेशका सामाजिक विकास मन्त्री माननीय युवराज दुलालले शनिवार कीर्तिपुर भ्रमण गर्नु भएको छ।

कीर्तिपुर नगरपालिकाका नगर प्रमुख रमेश महर्जन, वडा नं. १० का अध्यक्ष अमन महर्जन लगायतले माननीय मन्त्री दुलाललाई स्वागत गर्नुभएको थियो । मन्त्री दुलालले कीर्तिपुर नगरपालिका वडा नं. १० तःननीमा बन्दै गरेको ऐतिहासिक पाटी, आःखाःछेँ, भर यांपुखू, चिलंच्व विहार लगायत ऐतिहासिक एवं पर्यटकीय स्थलको अवलोकन गर्नुभएको थियो । अवलोकनका क्रममा मन्त्री दुलाले तःननी लगायत कीर्तिपुर विकासका लागि प्रदेश सरकारले आगामी आर्थिक वर्षमा आवश्यक सहयोग गर्ने बताउनु भयो।

शनिवार नै माननीय मन्त्री दुलालले कीर्तिपुर अस्पतालको पनि अवलोकन गर्नु भयो। कीर्तिपुर नगरपालिकाको सहयोगमा हालै शुरु भएको निःशुल्क हेमोडायलाइसिस यूनिटका साथै आइसियू, इमर्जेन्सि, वर्न वार्ड आदिको समेत अवलोकन गर्नुभएको थियो।

माननीय मन्त्रीसँग कीर्तिपुर अस्पताल सञ्चालन गरिरहेको फेक्ट नेपालका अध्यक्ष डा.भरत प्रधान, निर्देशक गौरी प्रधान, अस्पतालका नि.निर्देशक डा. पेरु प्रधान, कीर्तिपुर नगरपालिकाका प्रमुख तथा अस्पतालका अध्यक्ष रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, पूर्व नगर प्रमुख हिराकाजी महर्जन लगायत सुरेन्द्र मानन्धर, दिलिप महर्जन सहितले छलफल गर्नुभएको थियो । छलफलका क्रममा भौतिक संरचनाका साथै आवश्यक पूर्वाधार पूरा भैसकेको अवस्थामा पनि नेपाल सरकारले यस अस्पताललाई १०० शैयाको स्वीकृति नदिएको अवस्थाको जानकारी गराउँदै कीर्तिपुर अस्पताललाई प्रदेश अस्पताल घोषणा गरिदिन माग गर्नुभयो । मन्त्री दुलाललाई कीर्तिपुर अस्पताल हालको स्थितिसम्म पुऱ्याउनको लागि शुरुदेखि गरेको पहलका बारेमा पनि अवगत गराइएको थियो।


## हार्दिक निमन्त्रणा

कीर्तिपुर नगरपालिकाले नेपाल सरकार स्वास्थ्य मन्त्रालयको सहयोग तथा त्रिवि वायोटेकको सहकार्यमा त्रि.वि. स्थित लायन्स रक्त सञ्चार केन्द्र भवनमा सञ्चालन गर्न लागेको कोरोना प्रयोगशाला (PCR LAB)को कीर्तिपुर नगरपालिकाका प्रमुख श्री रमेश महर्जनद्वारा उद्घाटन हुने कार्यक्रममा यहाँको उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछ।

उद्घाटन कार्यक्रम

मिति : २०७७।०३।२३ गते, मंगलबार

समय : दिनको २:०० बजे

स्थान : त्रि.वि. लायन्स रक्त सञ्चार केन्द्र, त्रि.वि., कीर्तिपुर

कीर्तिपुर नगरपालिका

देवढोका, कीर्तिपुर

## सम्पादकीय

# सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्ने सङ्कल्प गरौं

हुन त नगर सन्देश कीतिपुर नगरपालिकाको बुलेटिन हो। यसमा कीर्तिपुर नगरपालिका भित्र नगरपालिका र यो सँग सम्बद्ध निकायहरूले गरे गराएका गतिविधिहरू र नगरपालिकाका आधिकारिक सूचनाहरू प्रकाशित हुनु पर्ने हो र हामीले शुरुदेखि नै यही कर्म गर्दै आइरहेका थियौं। यही क्रममा आर्थिक वर्षको अन्तिम अन्तिम तिर नगरपालिका र विभिन्न निकायबाट प्राप्त हुने बजेट प्रयोग गरी जततंतै बाटो, ढल, खानेपानी, पर्खाल आदि बनाउने कार्यले तीब्रता पाउने क्रम पनि तीब्र हुन थाल्यो। यो सँगसँगै यो प्रवृत्ती र कार्यशैलीको सर्वत्र आलोचना र विरोध सधैं भैं सुनिन थाल्यो। जतातंतै यो विकास असार लाग्नु अगाडि नै किन गर्न सकिन्न भन्ने प्रश्नका साथ जेठ महिना भित्रै यस्ता विकास निर्माणका काम सम्पन्न गर्नु पर्ने माग र चाहना सुनिन थाल्यो। जुन आफैमा नाजायज थिएन।

यही मेसोमा नगर सन्देशको गत दुई अङ्कमा जनभावनाको यही मर्मलाई आत्मसाथ गरी "असारे विकास" को नाम दिएर अन्यत्र जे भए पनि हामी सबैको प्रयत्न हुने हो भने अहिले असम्भव प्राय देखिने यो कार्यशैली कीर्तिपुरमा सम्भव छ, त्यसका लागि यस वर्षको नीति तथा कार्यक्रममै आगामी आर्थिक वर्षमा असार लागेपछि यस्ता विकास निर्माणका कार्य रोक्ने र त्यसबापतको चेक काट्न रोकौं भन्ने आसयको सम्पादकीय प्रस्तुत गरिएको थियो। जनताको यो गुणस्तरीय विकास र समयमै विकासको चाहना पूरा गर्न नगरपालिकाको गत असार १७ गते सम्पन्न नगरसभाले नीति तथा कार्यक्रमको रुपमा प्रस्ताव ल्याएर पारित गर्न समयको चापले नदिए तापनि सङ्कल्प प्रस्ताव पारित गरी आगामी आर्थिक वर्षमा असार लाग्नु अगावै सडक निर्माण, मर्मत र स्तरोन्नती जस्ता काम सम्पन्न गर्ने नगर प्रमुखको सङ्कल्प प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको छ। नगरपालिका र नगरसभासदज्यूहरूलाई नगर सन्देश परिवार जनभावनाको यस प्रकार कदरका लागि हार्दिक धन्यवाद् ज्ञापन गर्दछ। साथै अब व्यवहारमै सो सङ्कल्प प्रस्ताव लागु गर्ने सङ्कल्प गर्नु जरुरी छ।

यसका साथ साथै अब नगरपालिकाले उपभोक्ता समितिमार्फत गरिने विकास निर्माणका काममा वास्तविक उपभोक्ता समितिलाई नै काम गर्नु पर्ने ऐनमा भएको व्यवस्था (उपभोक्ता समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि) अनिवार्य रुपमा लागु गर्ने दीर्घकालीन महत्त्वको काम गर्न सके कीर्तिपुरमा विकास निर्माणको कामले गुणात्मक फड्को मार्न सक्थ्यो। यस तर्फ पनि ध्यान दिन नगर सन्देश परिवार हार्दिक अनुरोध गर्दछ।

# विपद्को पूर्व तयारी र जोखिम न्यूनीकरणका उपायहरू-३

**हर्षमान महर्जन**

यस सन्दर्भमा नेपाल सरकारको सहरी विकास, भौतिक पूर्वाधार र यातायात, उद्योग बाणिज्य तथा आपूर्ति, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरूको रणनीति कार्यान्वयनको सहजीकरणमा महत्त्वपूर्ण भूमिका रहने हुँदा उक्त मन्त्रालय र मातहतका निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने जिम्मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हुनेछ।

**ग) स्थानीय तह र समुदायबीच जिम्मेवारी बाँडफाँड :**

यस रणनीतिले आत्मसात गरेको आत्म निर्भरता र स्वशासनको आधारभूत मान्यता अनुरुप रणनीति कार्यान्वयनमा स्थानीय सरकारको भूमिका बढ्दै जाने अपेक्षा गरिएको छ। प्रारम्भिक चरणको सहभागिताले समुदायको क्षमता अभिवृद्धि हुनेछ। क्षमता वृद्धिको निरन्तरताले समुदायलाई नीति र कार्यक्रम कार्यान्वयनका लागि सक्षम बनाउँदै लैजाने छ।

**मेरो धारणा**

नेपालको संविधानले स्थापित गरिएको संघीय शासनको अवधारणाअनुरुप सञ्चालित संघीय र प्रादेशिक सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहहरूले रणनीति कार्यान्वयन गर्ने छन्।



**घ) समन्वय गरी गर्नु पर्ने कार्यक्रमहरू :**

स्थानीय तह र समुदायमा बढ्दो प्राकृतिक, जलवायु परिवर्तन, जैविक, प्राविधिक र मानवजन्य प्रकोप जोखिम सामीप्यता कारण आसन्न बहु प्रकोप जोखिम न्यूनीकरणलाई स्थानीय विकासको अवधारणामा एकीकरण गर्ने कार्यहरू।

स्थानीय तह र समुदायमा उत्थानशील विकासका लागी बहु प्रकोप जोखिम सामीप्यता पहिचानको आधारमा समग्र प्रकोप जोखिम सामीप्यता न्यूनीकरणको विधि र प्रकिया अवलम्बन कार्यहरू।

स्थानीय तहमा भौगोलिक सूचना प्रणालीमा आधारित बहू प्रकोप जोखिम सूचना प्रणालीको स्थापना गर्ने कार्य।

स्थानीय तह र समुदायको बहु प्रकोप जोखिम सामीप्यताको तथ्यपरक विश्लेषणका आधारमा विपदको जोखिम आँकलन पद्धति र पूर्व सूचना प्रणाली विकास। स्थानीय तह र समुदायमा प्रकोप जोखिम पहिचान, सङ्कटासनता र अनुकूलको बुझाई, ज्ञान र क्षमताको निरन्तर विस्तार।

स्थानीय तहको जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण क्षेत्रमा क्षमता अभिवृद्धि र सामर्थ्य विस्तार।

जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा नागरिक सामाजको भूमिका विस्तार।

विपद् पूर्वतयारी, प्रति कार्य, पुनःस्थापना र पुनःनिर्माणका क्षेत्रमा स्थानीय स्तरमा संस्थागत व्यवस्था र तिनको कार्यान्वयन क्षमतामा विस्तार।

स्थानीय स्तरमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनमा असल शासकीय पद्धतिको विकास विस्तार।

महिला, बालबालिका, अपाङ्गता भएका र जेष्ठ नागरिकहरू र अन्य संकटासन समूहका लागि विशेष कार्यक्रमहरूको सञ्चालन।

*सन्दर्भ सामग्री तथा छलफल उत्थानशील स्थानीय समुदायकालागि रणनीति (संघीय मामिला तथा सामान्य प्रशासन, वातावरण तथा विपद् व्यवस्थापन शाखा)*

**समाप्त**

***(लेखक नगर स्तरीय विपद् तथा जलवायु उत्थानशीलता समितिका विज्ञ हुन् ।)***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपाको सातौं नगर सभा

## आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम पारित

### जेठ भित्र सडक खन्ने काम सम्पन्न गर्ने सङ्कल्प प्रस्ताव पारित






कीर्तिपुर नगरपालिकाको सातौं नगरसभाको दोश्रो चरण पूर्व निर्धारित कार्यक्रम अनुसार असार १७ कृष्ण क्याटरिङ्ग अमल्सिमा सम्पन्न भएको छ।

नेपालको राष्ट्रिय गान पश्चात ज्ञात अज्ञात शहीदहरूप्रति मौनधारण गरी सञ्चालन भएको यस सभाको अध्यक्षता नगरपालिकाका प्रमुख रमेश महर्जनले गर्नुभएको थियो।

सभामा विभिन्न प्रतिवेदन प्रस्तुत गरिएका थिए भने पहिलो चरणको नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रममाथि छलफल भएको थियो। न्यायिक समितिको प्रतिवेदन समितिका सदस्य सुनिता नकर्मीले प्रस्तुत गर्नुभएको थियो भने अनुगमन समितिको प्रतिवेदन समितिका सदस्य नन्ददेवी महर्जनले प्रस्तुत गर्नुभएको थियो। त्यसैगरी सुशासन समितिको प्रतिवेदन समितिका संयोजक सुनिल डंगोलले प्रस्तुत गर्नुभएको थियो।

नगरसभामा प्रस्तुत आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रममाथि कार्यपालिका सदस्य राजेन्द्र तोलाङ्गे, सुमन पोखरेल, मनु वि.क., तथा नगरसभा सदस्यहरू ध्रुव प्रसाद अधिकारी, मिलन महर्जन, पवित्रा विष्ट, उत्तम नेपाल, राजेश महर्जन र हरिशरण महर्जनले आ-आफ्ना धारणाहरू राख्नुभएको थियो। लेखा समितिका संयोजक अनिल बाँस्कोटाले भने लेखा प्रतिवेदन अर्को सभामा प्रस्तुत गर्ने भन्दै प्रस्तुत नीति तथा कार्यक्रमका साथै लेखा सम्बन्धी आफ्ना धारणामात्र प्रस्तुत गर्नुभयो।

सभामा प्रस्तुत विषयगत प्रतिवेदनहरू सर्वसम्मतले पारित गरिएको छ भने असारे विकास भनेर चौतर्फी आलोचना भैरहेको असार (झरी) मौसममा बाटो तथा ढल खन्ने जस्ता बाटो बिग्रने योजनाहरूलाई आगामी आ.व.देखि जेठ महिना भित्र सम्पन्न गर्ने गरी सभाअध्यक्षज्यूले राख्नु भएको सङ्कल्प प्रस्ताव सर्वसम्मतले पारित गरिएको छ।

सभामा प्रस्तुत नीति तथा कार्यक्रममाथि छलफलका क्रममा आएका सुझावहरू समेटी संशोधनसहित नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरिएको सभाअध्यक्षज्यूले घोषणा गर्नुभएको थियो।

गत असार १० गते बसेको पहिलो चरणमा उप-प्रमुखले प्रस्तुत गर्नु भएको आ.व. २०७७/०७८ को रु. ८४ करोड ५८ लाख ४० हजारको बजेटको बारेमा भने अर्को सभामा पारित गरिने बताइएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा नगरसभा सचिव ध्रुवराज आचार्यले सञ्चालन गर्नुभएको यस दोश्रो चरणको नगरसभामा उप-प्रमुख तथा प्रवक्ता सरस्वती खड्काले धन्यवाद् ज्ञापन गर्नुभएको थियो।

सातौं नगरसभाको तेश्रो चरणको सभा यही असार २४ गते कृष्ण क्याटरिङ्ग, अमल्सिमा दिनका १:३० बजे बस्ने जानकारी गराइएको थियो।

# भाजंगलय् दयेकाच्वंगु फिल्टर प्लान्ट लिपांगु चरणय्

किपू नगरपालिका वडा नं. ७ भाजंगलय् दयेकाच्वंगु लः फिल्टर यायेगु प्लान्ट लिपांगु चरणय् थ्यंगु दु। भाजंगलया ट्यांकी वइगु लःयात फिल्टर याना जक छ्वयेगु नितिं थ्व प्लान्ट दयेकूगु खः।

किपू नगरपालिकाया प्रमुख रमेश महर्जन व उप-प्रमुख सरस्वती खड्कां लिसें वडा नं. ७ या अध्यक्ष राजकुमार मालीं उगु प्लान्टया निरीक्षया यानादीगु दु। वंगु असार २० गते उगु प्लान्टया निरीक्षण यायेगु झ्वलय् ७ नं. वडाय् न्ह्यानाच्वंगु थीथी योजना यानं निरीक्षण यानादीगु दु।

वडाया गौरवया योजना ईटागोल सम्पदावस्ती क्षेत्रया लँया स्तरउन्नतीया योजनाया निरीक्षण यानादीगु खः।



थुगु योजनाया लागि रोजन महर्जनया नायःसुई ईटागोल बाटो सुधार उपभोक्ता समिति दयेका ज्या न्ह्याकाच्वंगु खः।

वंगु २०७६ कार्तिक ७ गते योजनाया सम्झौता याना २०७६ माघ २९ गते योजना सिधयेकेमाःगु खःसां देसया विषम परिस्थितिंयाना ज्या क्वचायेके मफयाच्वंगु खः। नगरपालिकाया २२ लाख व उपभोक्ता समितिया ५ लाख ५० हजार यानां मुक्कं २७ लाख ५० हजारया थुगु योजनाय् लँय् ढलान नं जुइगु नितिं थप बजेट नं निकासा जुइ धुंकूगु ७ नं. वडाया अध्यक्ष राजकुमार मालीं जानकारी बियादीगु दु। थुगु लँ लिसें सार्वजनिक फल्चा नं दयेकेज्या जुयाच्वंगु खः।




## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

# किपू - ९ टाउन प्लानिङ्गया लँ ढलानया निरीक्षण



किपू नगरपालिका वडा नं. ९, सरांचा (टाउनप्लानिङ्ग)या लँ ढलान याःगु दु। नगर स्तरया थुगु योजनाया नगरपालिकाया प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्कां निरीक्षण यानादीगु खः।

थुगु योजनाया लागि अशोक शोकिया नायःसुई टाउन प्लानिङ्ग सरांचा उपभोक्ता समिति दयेका ज्या न्ह्याकाच्वंगु खः। १५ लाखया बजेटय् थ्यंमथ्यं ६० मिटर लम्बाई व ७ मिटर चौडाइया थ्व लँ दयेकूगु खःसा तँसा ४ मिटर चौडाईया १० मिटर लम्बाईया लँ दयेकीगु उपभोक्ता समितिं जानकारी ब्यूगु दु।

थुगु निरीक्षणया झ्वलय् वडा नं. ९ या अध्यक्ष गंगाराम महर्जनया नं ब्वति दुगु खः।

## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस “नगर सन्देश” बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**सम्पर्कको लागि**

कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।



**रञ्जना लिपिको प्रयोग :** कीर्तिपुर नगरपालिकाको अमल्सि स्थित नयाँ भवनमा हालै नगरपालिकाको नाम रञ्जना लिपिमा राखियो । यो लिपि संयुक्त राष्ट्र संघमा नेपाल राष्ट्र सदस्य बन्न नेपालको मौलिक लिपिको रुपमा प्रस्तुत गरिएको थियो । विश्वकै दोश्रो राम्रो लिपिको रुपमा यस रञ्जना लिपिलाई लिने गरिन्छ । नगरपालिकाले व्यवसायीहरूले रञ्जना लिपिमा साइनवोर्ड राखेमा सो वोर्डको करमा ५० प्रतिशत छुट दिने नीति विगत देखि नै लिइआएको छ ।

*तस्बिर : ज्ञानकुमार महर्जन*

# सूचना ! सूचना !! सूचना !!!

यस कीर्तिपुर नगरपालिकाबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने कार्य "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ अनुसार आ.व. २०७६/०७७ को २०७६ असोज मसान्तसम्म कीर्तिपुर नगरपालिका अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरूको प्रमाणपत्र नवीकरण गर्नु पर्ने तथा दोब्बर दस्तुर तिरी २०७६ चैत्र मसान्तसम्म नवीकरण गर्नु पर्नेमा विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) का कारण २०७६ चैत्र ११ गते देखि पटक पटक गरी २०७७ जेष्ठ मसान्तसम्म लकडाउन भई राजश्व र नवीकरण सम्बन्धी कार्य हुन नसकेको र २०७७ आषाढ १ गते देखि नियमित रुपमा कार्यालय सञ्चालनमा आएको हुँदा यस नगरपालिकाको मिति २०७७ आषाढ १२ गतेको नगर प्रमुख स्तरीय निर्णयनुसार उक्त "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने म्याद दोब्बर दस्तुर तिरी मिति २०७७ आषाढ मसान्तसम्म थप गरिएको हुँदा सम्पूर्ण निर्माण व्यवसायीहरूको जानकारीको लागि अनुरोध छ । उक्त समयमा नवीकरण नभएमा निर्माण व्यवसायी प्रमाणपत्र कार्यविधि अनुसार इजाजत पत्र स्वतः खारेज हुने बेहोरा समेत अनुरोध गरिन्छ ।

**कीर्तिपुर नगरपालिका**
**राजश्व शाखा**

# कीनपाद्वारा शैक्षिक सामग्री हस्तान्तरण



कीर्तिपुर नगरपालिकाले हिजो असार २१ गते एक कार्यक्रमका बीच पाँगा माध्यमिक विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । ल्यापटप, फ्यान, प्रोजेक्टर, स्मार्ट टेलिभिजन आदि सामग्रीहरू कीर्तिपुर नगरपालिकाका नगर प्रमुख रमेश महर्जनले पाँगा माध्यमिक विद्यालयका प्रधानाध्यापक श्याम सुन्दर महर्जनलाई हस्तान्तरण गर्नुभएको हो ।

सामग्री हस्तान्तरण गर्नुहुँदै नगर प्रमुख महर्जनले हालको विषम परिस्थितिमा नगरपालिकाले स्वास्थ्य क्षेत्रमा उल्लेख्य काम गरिरहेको बताउँनुहुँदै नगरपालिकाको सहयोगमा कीर्तिपुर अस्पतालले हेमोडायलाइसिस सेवा सञ्चालन गरिसकेको बताउनुभयो । कोरोनाको परीक्षण प्रयोगशाला पनि यही मंगलबारदेखि प्रयोगमा ल्याउने तयारी भैरहेको बताउँनुहुँदै नगर प्रमुख महर्जनले यस विषम परिस्थितिमा सबैभन्दा बढी विद्यालयहरू प्रभावित भैरहेको उल्लेख गर्नुभयो । नगरपालिकाले सबै विद्यालयहरूलाई सक्दो सहयोग गर्ने कुरा पनि बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका संस्थापक अध्यक्ष प्रा.डा. नन्द बहादुर महर्जनको सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यालयका निर्देशक रमेशमान महर्जनले शैक्षिक सामग्री सहयोग गरेकोमा कीर्तिपुर नगरपालिकालाई धन्यवाद् दिनुभयो ।

विद्यालयका प्रधानाध्यापक श्याम सुन्दर महर्जनले स्वागत गर्नुभएको कार्यक्रम विद्यालयका शिक्षक तारा बहादुर केसीले सञ्चालन गर्नुभएको हो । कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ८ का अध्यक्ष विनोद महर्जनको पनि उपस्थिति रहेको थियो ।

# कीनपाले धान दिवस मनायो



“धान उत्पादनमा बृद्धि, आत्मनिर्भता र समृद्धि” नारा सहित कीर्तिपुर नगरपालिका कृषि शाखाले धान दिवस मनाएको छ ।

गत असार १५ गते राष्ट्रिय धान दिवसको उपलक्ष्यमा कीर्तिपुर नगरपालिका वडा नं. ५ विष्टगाउँमा एक कार्यक्रमका बीच कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले खेतमा धान रोप्दै धान दिवस मनाउनु भएको थियो ।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुववराज आचार्य, लेखा शाखा प्रमुख मित्र प्रसाद घिमिरेकासाथै कीर्तिपुरका विभिन्न किसान समूहहरूको उपस्थिति रहेको थियो ।

# कीर्तिपुरमा कोरोना परीक्षण भोलिदेखि



कीर्तिपुर नगरपालिकाले त्रि.वि.परिसरमा बनाएको कोरोना परीक्षण गर्ने प्रयोगशाला भोलि असार २३ गते देखि प्रयोगमा आउने भएको छ । उक्त प्रयोगशाला नेपाल सरकारको २१ औं प्रयोगशाला हुने भनिए तापनि यस बीचमा अरु पनि प्रयोगशाला सञ्चालनमा आएको हुँदा यस प्रयोगशाला नेपाल सरकारको २६ औं प्रयोगशालाको रुपमा मान्यता प्राप्त हुनेभएको छ । केही दिन अघि स्वास्थ्य मन्त्रालयका प्रतिनिधि बलराम गौतम र खेमराज सामकोटाले यस प्रयोगशालाको अनुगमन गर्नुभएको थियो । यस प्रयोगशालामा कीर्तिपुरवासीलाई पहिलो प्राथमिकता राखि नगरपालिकाले प्रत्येक वडामा स्वाव सङ्कलन गर्ने बताइएको छ ।

यसका लागि नगरपालिकाले तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा थप स्वास्थ्यकर्मीलाई स्वाव सङ्कलन गर्न आवश्यक तालिम पनि दिएको थियो । हिजो असार २१ गते भएको उक्त तालिममा नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का प्रमुख अतिथिको रुपमा आउनुभएको थियो ।

त्रि.वि.परिसरमा रहेको त्रि.वि. लायन्स रक्त सञ्चार तथा अनुसन्धान केन्द्रमा त्रि.वि.जैविकप्रविधि केन्द्रीय विभागसँगको सहकार्यमा स्थापित यस कोरोना भाइरसको परीक्षण प्रयोगशाला देशभरिकै पालिकाहरू मध्ये पहिलो भएको बताइएको छ । कीर्तिपुरमा पनि कोरोना संक्रमित देखिन थालेकोले यस प्रयोगशाला निकै महत्त्वको हुने विश्वास गरिएको छ ।

# कीर्तिपुर ब्रायण्डको लोगो सार्वजनिक






ऐतिहासिक नगर कीर्तिपुरलाई पर्यटकीय नगरको रुपमा विकास गर्न कीर्तिपुर ब्रायण्डको लोगो गत असार १९ गते शुक्रबार एक कार्यक्रममा सार्वजनिक गरिएको छ।


कीर्तिपुरको हिलसाइड होटलमा भएको कार्यक्रममा कीर्तिपुर नगरपालिकाका नगर प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, लेखा शाखा प्रमुख मित्र प्रसाद घिमिरे, वडा नं. २ का अध्यक्ष तथा पर्यटन समितिका संयोजक रमेशमान डंगोल लगायत कीर्तिपुरका पर्यटनसँग सम्बन्धित विभिन्न व्यक्तिहरूको उपस्थितिमा नेपाल पर्यटन बोर्डका सिइओ धनन्जय रेग्मीले उक्त लोगो सार्वजनिक गर्नुभएको हो।

कीर्तिपुर नगरपालिकाका नगर प्रमुख र मेश महर्जनले स्वागत गर्नुभएको कार्यक्रममा नेपाल पर्यटन बोर्डका लागि कीर्तिपुर ब्रायण्डको लोगो तयार गर्ने आउटरिच नेपालका प्रतिनिधिले लोगोको महत्त्वको बारेमा प्रकाश पार्नुभएको थियो।

कीर्तिपुरको संरक्षकको रुपमा लिइने आराध्यदेव बाघभैरवको आँखाको प्रतीक, विश्वमै दोश्रो राम्रो लिपि जुन संयुक्त राष्ट्र संघको सदस्यता प्राप्तिको लागि नेपालले पेश गरेको नेपालको मौलिक लिपि रञ्जना लिपिबाट बनाइको कीर्तिपुर र अंग्रेजीमा पनि रञ्जना लिपिकै आकार आउने गरी बनाएको कीर्तिपुर लोगो आकर्षक हुनुका साथै ऐतिहासिकता झल्केको बताउनुभएको थियो। लोगोमा कीर्तिपुरका साथै कीर्तिपुर चिनाउने स्लोगान "सिटी अन दि हिल" पनि रहेकोले कीर्तिपुरको लोगो अझ प्रष्ट हुनुका साथै आकर्षक भएको बताइएको थियो। यो स्लोगान समय र स्थान अनुसार फरक फरक हुने पनि बताइएको छ। जस्तै चाडवाडमा फेस्टिवल अन दि हिल, खाना महोत्सवमा फुड अन दि हिल, कुनै पनि सांगितिक कार्यक्रमको लागि म्यूजिक अन दि हिल आदि राख्न सकिने जानकारी दिइएको थियो।

यो स्लोगान सहितको लोगो विभिन्न बस स्ट्याण्ड, चोक, गल्ली, पार्कका साथै टिशर्ट, क्याप, कि रिङ्ग, कप आदिमा समेत प्रिन्ट गरी प्रयोग गर्न सकिने र यसले गर्दा कुनै पनि पर्यटकलाई कीर्तिपुरबारे जान्ने ईच्छा हुनेहुँदा कीर्तिपुरमा पर्यटकहरूलाई भित्र्याउन सहयोग पुग्ने विश्वास लिइएको छ।

कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले धन्यवाद् दिनुभएको उक्त कार्यक्रम नगरपालिकाको सामाजिक विकास शाखाका प्रमुख अनुज प्रधानले सञ्चालन गर्नुभएको थियो।




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com